# विपश्यना

साधकहरुका लागि
प्रेरणा पत्र

बुद्ध वर्ष २५५२ | जेष्ठ २०६५ | वर्ष २५ अङ्क २


## धम्मवाणी

**जातित्थद्धो धनत्थद्धो, गोतत्थद्धो च यो नरो ।**
**सञ्ञातिं अतिमञ्ञेति, तं पराभवतो मुखं ॥**

**यदि कसैले आफ्नो जाति, धन सम्पदा र गोत्रको अभिमान गर्दछ र यस्तो अहंकारले आफ्ना साथी-भाइको अनादर गर्दछ भने यो उसको अवनतिको कारण बन्दछ ।**

## दुई अतिका मार्ग

भगवान् बुद्धको समयमा समाजका अधिकांश मानिसहरू यी दुईवटा धाराबाट प्रभावित हुन्थे । दुबै अतिका मार्ग थिए । एउटा प्रवृत्तिको मार्ग थियो भने अर्को निवृत्तिको मार्ग थियो । यी दुबै मार्ग दूषित भईसकेका थिए । प्रवृत्ति मार्गका मानिसहरू काम-भोगको गन्हाउने नालीमा डुबेका थिए, उनीहरू कोही पुरोहितहरूद्वारा अबुझ पशुहरूको हत्या गराई विभिन्न प्रकारले शोषण गरेर यज्ञ गराउँदथे । यस्ता यज्ञबाट अग्नि देवता अथवा अन्य ब्रह्म-देवताहरू प्रसन्न भएर उनीहरूलाई अमर हुने बरदान प्राप्त हुन्छ भन्ने सोचमा थिए । यो मार्ग शुद्ध धर्मबाट टाढा पाप बृद्धि गर्ने मार्ग नै थियो । त्यसैले यो मार्गलाई **हीनो गम्मो पोथुज्जनिको अनरियो अनत्थसंहितो** भनियो । हीन, गाऊँले, पृथकजन, अनार्यहरूको अनर्थ संग्रह गर्ने मार्ग भनियो ।

अर्को निवृत्तिको मार्ग, त्यो पनि अतिको मार्ग नै हो त्यसलाई **अत्तकिलमथानुयोगो दुक्खो अनरियो अनत्थसंहितो** भनियो । दुखद आत्मक्लेशको मार्ग, अनार्यहरूको अनर्थ संग्रह गर्ने मार्ग भनियो । यो मार्ग पनि मुक्तिमार्गबाट अलग थियो । भगवानले यी दुबै मार्गलाई त्यागेर पुरातन, सनातन मध्यम मार्ग खोजेर निकाल्नु भयो जुन सर्वहितकारी सिद्ध भयो । धेरै मानिसहरू जो यी अतिका मार्गमा अल्झिरहन्थे उनीहरूलाई मुक्तिको सत्मार्ग प्राप्त भयो । धर्म सम्बन्धी सारा शंका नष्ट भयो । दृढतापूर्वक यस मार्गमा अगाडि बढेर सजिलै मुक्त अवस्था प्राप्त गरे र आफ्नो कल्याण गर्न सफल भए ।

यस सम्बन्धी भगवान्को समयको एउटा घटना ।

एउटा दरिद्र गरीब कूलमा जन्मिएका जम्बुक नामको व्यक्ति थियो । युवा भएपछि प्रवजित भए र मुक्तिको मार्ग खोज्दै आत्मक्लेशको साधना गर्न थाले । यसको कारणले मुक्तिमार्गदेखि झन टाढा गलत मार्गमा पर्न गयो । अतिको मार्गलाई मुक्तिको मार्ग भन्ठान्यो । शरीरलाई यातना दिएर नै शुद्धी हुन्छ भन्ने गलत धारणामा पऱ्यो जीवनको अधिकांश समय यस मिथ्या मार्गमा बिताए तर केही पनि फाइदा भएन ।

एक दिन सौभाग्यले भगवान त्यही मार्गबाट जानु भएको थियो । उस्को दयनीय अवस्था देखेर उसलाई यस मंगलमयी मध्यमा प्रतिपदाको उपदेश दिनुभयो । कुनै पूर्व जन्मको कुशल कर्म फलको कारण भगवानको उपदेश उसले बुझे । गलत मार्ग त्यागेर विपश्यना साधनाको अभ्यास गर्न थाले । केही दिनमा नै श्रोतपान्न अवस्था प्राप्त गरे । यसबाट उसको उत्साह अझ बढ्यो । निरन्तर साधनाको अभ्यास गर्दैरहे, समय भए पछि परम विमुक्तिको अर्हत अवस्था प्राप्त गरे । सम्पूर्ण भव दु:खबाट नित्तान्त विमुक्त भए । जीवनको अन्तिम समयमा जब शरीर त्याग्ने समय आयो तब आफ्नो निरर्थक बेकार को जीवनलाई त्यागेर सम्यक मार्गमा अघि बढेको कारणले विमुक्त भएको घटनालाई सम्झेर, धर्मको प्रति कृतज्ञता विभोर हुँदै उदानका यी हर्षविभोर वाणी प्रकट गरे,

**पञ्च पञ्ञास वस्सानि रजोजल्लम धारयिं** ...

पचपन्न वर्षसम्म ननुहाईकन आफ्नो शरीरमा धूलो-मैलो घसिरहें । महिनामा केवल एकपटक बाहिरको भोजन गर्दै रहें र आफ्नो टाउको र दाह्री-जूँगामा केशलाई हातका औंलाले लुछिरहें । बस्न छोडेर यतिका वर्षसम्म रात दिन अधिकांशसमय दुबै हात माथि उठाएर एउटा खुट्टामा उभिरहें । कहिले काहीं सुकेको विष्टा खाईरहें, कसैले भोजनको निमन्त्रणा दिएपनि स्वीकार गरेन । यस प्रकार अनेक दु:खदायी कर्म गर्दै रहें । यस्तो दु:खको महाबाढीले बगाउँदै गरेको मान्छे एकदिन भगवान् बुद्धको शरणमा आएँ । ओहो, यस कल्याणकारीणी शरणागमनको महत्तालाई हेर ! मुक्ति विधायक महत्तालाई हेर ! मैले आश्रवहीन अवस्थाको तीनैवटा विद्यालाई प्राप्त गरें र बुद्धको शासनलाई पूरा गरें, उहाँको शिक्षालाई पूरा गरें ।

धन्य बुद्ध ! धन्य धर्म ! धन्य सफल धर्मपथिक !

त्यस्तै भगवानको जीवनकालको एउटा घटना

हिमवंत प्रदेशको नजीकै रहेको उत्कट्ट नगरको एउटा वैभव सम्पन्न ब्राह्मण कुलमा जन्मेका अंगणिक भारद्वाज । युवा अवस्था पुग्दासम्ममा विभिन्न लोकीय विद्या तथा शिल्प विद्यामा पोष्ट भए । परन्तु वैराग्य जागेको कारण अमरत्व प्राप्त गर्न सन्यासी भए । शास्त्रको विधि अनुसार अनेक प्रकारका अति चर्या र शरीरलाई कष्ट दिन अनेक प्रकारका तपश्या गर्दै रहे । यसै विधीबाट चित्त शुद्धी र भवमुक्ति हुन्छ भनी ठानेका थिए । तर यस्तो भएन । सौभाग्यले एक पटक भगवान चारिका गर्दै त्यसै प्रदेशबाट जानुभयो । युवक तपस्वीले उनको धर्म प्रवचन सुने र अत्यन्त

Downloaded from http://www.dhamma.digital

प्रभावित भएर उहाँको शरण ग्रहण गरे । प्रवज्या लिएपछि विपश्यना साधना विधि सिकेर लामो समयसम्म स्मृति र सम्प्रज्ञानको अभ्यास गरे र अर्हत अवस्था प्राप्त गरे । विमुक्ति सुखबाट विभोर हुँदै आफ्नो जन्मभूमि फर्के र आफ्ना पूर्व परिवारका सदस्यहरूलाई उत्साहित गरेर धर्ममा प्रतिष्ठित गराए ।

निष्प्राण निर्जीव कर्मकाण्डमा र आत्मक्लेशीय मिथ्या तपश्यामा अल्झेर रहेका अनेक मानिसहरू प्रति असीम करूणाले आप्लावित भई उनीहरूलाई मिथ्या मार्गबाट मुक्त गरी सत्मार्ग देखाउने कल्याण कामना बोकी चारिका गर्दैरहे । कुरू प्रदेशको कुण्डीय नामको निगमबाट केही टाढा जंगल हुँदै उत्तरतिर जाँदा त्यहाँ केही ब्राह्मणहरू भेट्टिए । उनीहरूमध्ये केही चिनेका पनि थिए । उनीहरूले सोधे "ए, भारद्वाज, तिमीलाई के भयो ? आफ्नो परम्परालाई त्यागेर यो श्रमण परम्परालाई किन अंगालेको ?"

अंगणिक भारद्वाजले बडो करूणा पूर्वक उनीहरूलाई सम्झाए, "भव विमुक्तिको लागि चित्तशुद्धी गर्न वनमा अग्निको उपासना गर्दै रहें, अनेक प्रकारको आत्मक्लेशको तपश्या गर्दै रहें । ती सबै निरर्थक साबित भयो । म त्यसमा अल्झिरहें किनभने, विशुद्धिको मार्गको बारेमा मलाई थाहा थिएन। जब साँच्चिकैको कल्याणकारी मार्ग पाएँ तब म निहाल भएँ । मेरो मानव जीवन सफल भयो ।"

"म आश्रमबाट आश्रम, एक अरण्यबाट अर्को अरण्य यस्तो थोत्रो कर्मकाण्ड, काय कष्ट दिने तपश्या गर्दै भट्किरहें ।"

विपश्यनाको विशुद्धि-मार्ग कायक्लेशवाला तपश्याको दाँजोमा अत्यन्त नै सुखद मार्ग हो । साधक अतिको मार्गलाई त्यागेर सुखद मध्यम मार्ग अपनाउँछन् र परम सुख निर्वाणको मुक्त अवस्था प्राप्त गर्दछ । त्यसैले उसले भन्यो "मैले सुख मार्गबाट परम सुख प्राप्त गरें । हेर, धर्मको कस्तो महानता हो । मैले मुक्तिको तीनैवटा विद्या उपलब्ध गरें र भगवान बुद्धको शासनलाई पूरा गरें । उहाँको शिक्षालाई पालन गरेर मैले आफ्नो जीवनको उद्देश्यलाई पूरा गरें ।"

त्यसपछि सत्यदर्शी भारद्वाज आफ्नो विमलचित्त द्वारा लोकहितार्थ उद्घोषणा गर्दै भन्दछ–

पहिला त म नाम मात्रको ब्राह्मण थिएँ। ब्राह्मणी आमाको कोखबाट जन्मेकोले ब्राह्मण थिएँ त्यसैले आफूलाई गर्व पूर्वक ब्रह्मवन्धु भन्थें। तर अब नयाँ जन्म भएको छ। अब भगवान सम्यक सम्बुद्धको ओरस पुत्र हुँ, उहाँ ब्रह्मभूत हनुहुन्छ , ब्रह्मकाय हुनुहुन्छ, धर्मभूत हुनुहुन्छ, धर्मकाय धर्मबाट मेरो नयाँ जन्म भएको छ, त्यसैले मलाई धर्मले बनाएको छ। ब्रह्मको शुद्ध जीवन जिउँछु, अत: अब सही अर्थमा ब्राह्मण हुँ ।

पहिले तीन वेद पढेका कारणले नाम मात्रले त्रिवेदी थिएँ अब तीनैवटा विधा पूरा गरेर सही अर्थमा त्रिवेदी भएको छुँ। दिव्य दृष्टि र पूर्व जन्मको स्मृति मात्र होइन, ती दुई भन्दा धेरै माथिको तेस्रो विधा आश्रव-क्षयको ज्ञानको पूर्ण साक्षात्कार गराउने विधा प्राप्त भए पछि सही अर्थमा त्रिवेदी भएको छुँ ।

पहिला कुनै नदिमा स्नान गरेको कारणले अथवा कुनै धर्म शास्त्रको पारायण गरेको कारणले आफूलाई स्नातक सम्झन्थें। केवल नाम मात्रको स्नातक थिएँ। अब त पावन धर्मगंगामा डुबुल्की लगाएर स्नातक भएको छु। राग, द्वेष, मोहको सर्वथा विनाश गरेर निर्वाणको सागरमा डुबुल्की लगाएर स्नातक भएको छु ।

पहिला ग्रन्थहरू सुनेर-पढेर आफूलाई श्रोत्रिय भन्थें। अब मुक्तिको श्रोतमा परेकोले नितान्त विमुक्त भएको छुँ, त्यसैले सही अर्थमा श्रोत्रिय हुँ ।

पहिला वेद ग्रन्थलाई पारायण गरेर आफूलाई नाममात्रको वेदगू भन्थें, तर अब साँच्चिकै वेदगू भएको छुँ। स्ववेदनको आधारमा आत्मज्ञान जगाएर आफ्नो मनको सम्पूर्ण क्लेश हटाई इन्द्रिय जगतको मात्र होइन इन्द्रियातीत परम सत्यको स्वाअनुभव द्वारा साक्षात्कार गरेर स्ववेदनको आधारमा वेदगू भएको छुँ। अत: नाम मात्रको होइन सही वेदगू भएको छुँ ।

त्यसैले पहिला नाम मात्रको थिएँ तर अहिले सही ब्राह्मण, त्रिवेदी, स्नातक, श्रोत्रिय र वेदगू भएको छुँ ।

धन्य छन् सही ब्राह्मण, धन्य छन् सही त्रिवेदी, धन्य छन् सही स्नातक, धन्य छन् सही श्रोत्रिय र धन्य छन् सही वेदगू। धन्य छन् सही विद्याका सही सफल साधक !

आऊ, साधकहरू हामी पनि यस्तै सही ब्राह्मण, सही त्रिवेदी, सही स्नातक, सही श्रोत्रिय र सही वेदगू बनौं। भवबाट मुक्त भएर जीवनलाई सफल बनाऔं, आफ्नो कल्याण गरौं ।

(साभार: जागे मंगल प्रेरणा)

## तपस्सु र भल्लिक

प्राचीन समयदेखि दक्षिणी ब्रह्मदेश (म्यन्मा) को ऐयावडी (इरावदी), सिट्टांग (चित्तांक) र ताल्विन (सालवन) नदिका मुहानमा व्यापार गर्नाका लागि भारतीहरू बसेका थिए। विशेष गरी इरावदी नदीको मुहान तर्फ धेरै संख्यामा बसेका थिए। ती मध्ये केही उत्कल प्रदेशका थिए। त्यसैले त्यस प्रदेशलाई उक्कल (उत्कल) भनिनथाल्यो। त्यहाँबाट भारत र म्यन्मा बीच अधिक मात्रामा व्यापार हुन्थ्यो। ती व्यापारीहरू मध्ये दुईजना थिए - तपस्सु र भल्लिक। यी दुई दाजुभाइ थिए, तपस्सु दाइ र भल्लिक भाइ थिए ।

यी दुबै दाजुभाइले ५०० वटा बैलगाडिमा बर्मामा उब्जेको माल सामान लिएर भारतमा बेच्न आएका थिए। उनीहरू यी मालगाडिहरू लिएर उरूवेलाको वन प्रदेशबाट गईरहेका थिए। त्यहाँ उनीहरूलाई एउटा राजायतन वृक्षको मुनि भगवान सम्यक सम्बुद्धको दर्शन भयो । संबोधि प्राप्त गरिसकेपछि भगवान बोधिमण्डको वरिपरि एक-एक स्थानमा एक-एक हप्तासम्म बसेर विमुक्ति सुखको आस्वादन गर्ने काममा नै लागिरहेका थिए । यो उहाँको आठौं हप्ता थियो। बुद्धत्व प्राप्त गर्नु पहिला उहाँले सुजाताको खीर भोजन गर्नुभएको थियो। बुद्धत्व प्राप्ति पछि सात हप्तासम्म ध्यान रस नै उहाँको आहार भयो । म्यन्माका यी दुई व्यापारीले आफूहरूले ल्याएको चामलबाट बनाइएको भोजन भगवानलाई दान दिए। बुद्धत्व प्राप्ति पछि भगवानको यो पहिलो भोजन थियो। म्यन्मा देश धन्य भयो। त्यहाँ यस्तो एउटा मान्यता प्रचलित छ कि यस पुण्यशाली भोजनदान गरेको कारणले म्यन्मा देशमा कहिले पनि कोही भोक भोक्कै मर्नुपर्दैन ।

यी दुबै व्यापारीहरूले भगवानलाई सादर नमस्कार गरे । भगवानले पञ्चशीलको बारेमा उपदेश दिनुभयो। ती दुबै जनाले बुद्ध र धर्म यी दुई रत्नको शरण ग्रहण गरे । तीन रत्नको शरण ग्रहण गर्न सकेन किनभने त्यस समयसम्ममा तेस्रो रत्न संघको गठन भएको

Downloaded from http://www.dhamma.digital

नै थिएन । यसरी यी दुई जना भगवानको पहिलो गृहस्थ शिष्य भए । यस कारणले पनि म्यन्मा देश धन्य भयो ।

बुद्धको दर्शन पाएर यी दुबैजना यति भाव विभोर भए कि उनीहरूले भगवान संग यस महत्वपूर्ण घटनाको स्मृति को रूपमा कुनै पूजनीय पदार्थ पाऊँ भनेर मागे । भगवान संग कुनै सांसारिक पदार्थ त थिएन । त्यसैले आफ्नो हातले टाउकोमा सुम्सुमाए । यस्तो गर्दा केही केश झरेर हातमा आए । यही केश भगवानले उनीहरूलाई दिए । यसलाई पाएर यी दुवैले आफूलाई धन्य सम्झे । केश पाए पछि भगवानलाई नमस्कार गरी उनीहरू आफ्नो प्रदेश उक्कला (म्यन्मा) नै फर्के । व्यापार गर्न ल्याएको सामान सबै आफूहरू संगै आएका कर्मचारीहरूलाई सुम्पिदिए ।

म्यन्मा पुग्नु अगाडि उनीहरूले राजा उक्कलपालाई यी केशधातु उपहार दिने सूचना पठाए । ताकि त्यहाँ भव्य स्तूप बनाउने योजना बनोस् र त्यस स्तूपमा यस केशधातु प्रनिधान गरून् । भगवान बुद्धको जीवनको यो एउटा सिंगो घटना हो जसमा उहाँले आफ्नो शरीरको कुनै अंश कोही उपासकलाई उपहार स्वरूप आफैले प्रदान गर्नु भएको थियो । यसपछि आफ्नो जीवनको अन्तिम समयमा उहाँले आफ्नो शरीरको धातुको बारेमा समुचित निर्देश गर्नुभएको थियो ।

भगवानको केश धातु ल्याउने पूर्व सूचना पाएपछि, देशका राजा त्यस नगरको समुद्र किनारमा एक हजार सैनिक सहित स्वंय यी अवशेषलाई स्वागत गर्न प्रतिक्षा गरिरहे । केशधातु त्यहाँ आईपुगे पछि त्यहीं समुद्री तटमा एउटा स्तूप बनाई त्यसमा पवित्र केश प्रणिधान गर्ने योजना बनाए । कालान्तरमा समुद्री किनारमा बनेको यस स्तुपलाई **बोटठाऊँ** अर्थात् सहस्र सैनिकको स्तूप भन्न थाल्यो ।

त्यसपछि राजाले राजनगरको प्रमुख मध्यवर्ती चौदोबाटोमा नगरको बिद्वत्त व्यक्तिहरूको एउटा सभा आयोजना गरे । यस सभाले यी पावन अवशेष प्रतिस्थापना गर्नका लागि राजधानीको डगोन नामको पहाड उपयुक्त भएको ठहर गरे । नगरमा जहाँ यो सभा आयोजना गरिएको थियो त्यहाँ **सूले** नामको स्तूप निर्माण गरे, त्यस स्तूपमा दुईवटा केश प्रणिधान गरे । सूलेको अर्थ सबै जम्मा हुनु भन्ने हुन्छ ।

राजनगरको डगोन नामको पहाडमा स्वे-डगोन नामको स्तूपको निर्माण गरेर त्यसमा पाँच वटा पावन केशधातु प्रणिधान गरे ।

म्यन्मा धन्य भयो । सदाको लागि भगवान बुद्धको पावन शिक्षाको प्रमुख केन्द्र बन्यो ।

यी दुवै भाइले भगवानबाट केवल पञ्चशीलको उपदेश सुनेका थिए, यिनीहरूले राम्ररी बुझेका थिए कि बुद्ध बनिसकेको महापुरुषले नितान्त विमुक्तिको मार्ग बताउन सक्छ । अत: म्यंमामा आफ्नो काम धन्धा समाप्त गरेर फेरि भारत आए र राजगिरीमा भगवानसंग विपश्यना विद्या सिके । भाइ भल्लिकले विपश्यना सिकेर अरहन्त अवस्था प्राप्त गरे र भिक्षु बने । दाइ तपस्सु श्रोतापन्न भए र गृहस्थ उपासक बने ।

म्यन्मामा एउटा यस्तो मान्यता प्रचलित छ कि यी दुई दाजु-भाइले भगवानको केशधातु उपहार केही बचाएका थिए । उनीहरू त्यसको संनिधान गरेर आफ्नो जन्मभूमिमा स्तूप बनाउन चाहन्थे । उनीहरू आफ्नो कर्मभूमि र जन्मभूमि दुवै ठाउँमा भगवानको अनमोल उपहार द्वारा पावन बनाउन चाहन्थे । अब त उनीहरूले भगवानबाट विपश्यना विद्या पनि प्राप्त गरिसके । अत: यी दुबै दाजु-भाइ यस शिक्षालाई बाँड्न आफ्नो पूर्खौली भूमि बलख (बाल्हिक, भल्लिक Balkh) तर्फ गए जुन उत्तरी भागमा पर्दछ ।

प्राचीन पालि ग्रन्थका अनुसार उत्तरी भागमा यिनीहरूको बुबाको ठूलो व्यापार हुन्थ्यो । पुस्कलावती (आजकलको पेशावरको नजिकै चारसद्द) त्यससमय गान्धारको राजधानी थियो । त्यसको पश्चिम पट्टि रहेको बाल्हिक (भल्लिक) शहर त्यस समयमा प्रसिद्ध थियो । यी दुई दाजुभाइ बलखको नजिकैको सानो शहर अरितंजनमा जन्मेका थिए । एउटा धनाध्य कुलमा जन्मेका थिए, उनीहरूलाई आफ्नो जन्मभूमि प्रति अगाध माया र श्रद्धा भएकोले आफ्नो शहर अरितंजनको प्रमुख द्वारको नजिकै एउटा भव्य स्तूप बनाए र त्यसमा आफूहरूले ल्याएको भगवानको पावन केशधातुलाई ससम्मान पूर्वक संनिधान गरे ।

बलखमा यी दुई दाजुभाइले स्थापना गरेको धातुस्तूपले निक्कै प्रसिद्धी पायो । यस घटनाको करिब १२०० वर्ष पछि ई.सन् सातौं शताब्दीमा आएका प्रसिद्ध चीनिया यात्री ह्वेनसांग (Yuang Chwang) ले यस स्तूपलाई देखेका थिए, उनको यात्रा वृत्तान्तमा यसको उल्लेख गरेको पाइन्छ । त्यसैले यस स्तूपको ऐतिहासिक तथ्य माथि शंका गर्ने कुनै ठाउँ छैन ।

बलखमा भिक्षु भल्लिकले सबैभन्दा पहिलो विहारको निर्माण गरे । भगवान बुद्धको सबैभन्दा पहिलो विहार राजगिरीमा वेणुवन विहार बनेको थियो । त्यस्तै बलखमा भल्लिकको पहिलो विहार बनेपछि त्यस स्थानलाई सानो राजगिर भनिन थाल्यो । भल्लिकले निर्माण गरेको विहार विनाश भईसके पछि त्यहाँ अर्को नयाँ विहार निर्माण गरिएको थियो, त्यस विहारलाई ह्वेनसांगले देखेका थिए र त्यसको वर्णन उनको यात्रा वर्णनमा उल्लेख गरेको पाइन्छ ।

तपस्सु र भल्लिक यी दुबै दाजुभाइले यस प्रदेशमा केवल धातुगर्भ स्तूपको मात्रै निर्माण गरेको होइन, आफूहरूले सिकेको भगवानको धर्मको पनि प्रचार गरे । र पछि बलख भगवानको शिक्षाको एउटा महत्वपूर्ण अन्तर्राष्ट्रिय केन्द्र बन्यो । परियत्तिको साथसाथै पटिपत्तिको पनि प्रमुख प्रशिक्षण केन्द्र बन्यो । इतिहासमा त्यहाँ एउटा यस्तो स्तूपको निर्माण भएको वर्णन पाइन्छ जस्को वरिपरि चारैतिर १५० वटा शून्यागारहरू बनाईएका थिए । यसबाट यहाँका मानिसहरू यी बलख भाइहरू द्वारा ल्याइएको विपश्यना साधनाको अभ्यास गर्ने गर्थ्यो भन्ने कुरा स्पष्ट हुन्छ ।

पछि अबुझ आक्रांत व्यक्तिहरूले बलखका स्तूपहरू ध्वस्त गरिदिए । तर यी दुई दाजुभाइले आफ्ना उत्तरदायित्वलाई राम्ररी पूरागरे । तपस्सु र भल्लिक धन्य भए । त्यस समयको विशाल भार तको पूर्व र पश्चिममा अवस्थित दुबै छिमेकी देशमा भगवान बुद्धको केशधातु संनिधानित गरेर सबैभन्दा पहिला स्तूपको निर्माण गराए भने अर्कोतिर भगवानको पावन धर्मसंदेश फैलाउने काममा सहायक बने ।

भगवान बुद्धले संबोधि प्राप्त गर्नु भएपछि तपस्सु र भल्लिक नै यस्ता दुइजना व्यक्तिहरू थिए जस्ले गृहस्थको रूपमा सर्वप्रथम भगवानको शरण ग्रहण गरेका थिए । भगवानले केही प्रमुख भिक्षु-भिक्षुणीहरूलाई अग्रको उपाधि दिनुभएको थियो, त्यसै समयमा प्रमुख २१ जना गृहस्थलाई पनि अग्रको उपाधि दिनुभएको थियो । त्यस

Downloaded from http://www.dhamma.digital

समयमा यी दुई दाजुभाइलाई पनि अग्रको उपाधि घोषित गर्नुभयो। यी दुबै जना पछि आफ्नो पूर्खौली देशमा गएर बसेका थिए। त्यसैले तत्कालीन भारतमा जम्मा १९ जना गृहस्थ अग्रको उपाधिले विभूषीत थिए। ती मध्ये नन्दका माता तथा पिता दम्पति भएको कारण एउटै कुलको मानिन्थे। पछि यी १८ वटा कुलका अग्र गृहस्थहरू व्यापार गर्नका लागि टाढा-टाढा सम्म गएर बस्न थाले।
(साभार: हिन्दी विपश्यना पत्रिका,
श्रावण पूर्णिमा, २००७)

## दान गर्ने पूण्य अवसर

विपश्यना साधनालाई सदियौंसम्म जीवित एवं सुरक्षित राख्न सक्षम म्यानमार देशमा हालै आएको भयंकर समुद्री आँधीबाट जनधनको ठूलो क्षति भएको छ। यस विपतमा सहयोग पुऱ्याउने काम धेरै मुलक तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट भइरहेको छ। यस देशको दक्षिण भागमा रहेका पाँचवटा विपश्यना केन्द्रहरू यस समुद्रि आँधीबाट तहसनहस भएका छन्। यी केन्द्रहरूको पुननिर्माणका लागि ठूलो धनराशीको आवश्यक परेको छ। पूज्य गुरुजी श्री सत्यनारायण गोयन्काज्यूको निर्देशानुसार धम्मगिरिमा सहायता स्वरूप आउने दान रकमहरू जम्मा गरिने व्यवस्था मिलाइएको छ। दान गर्न इच्छुक व्यक्तिहरूले नेपाल विपश्यना केन्द्रको नगर कार्यालयमा अथवा निम्न खातामा जम्मा गर्न सकिनेछ।

Account Name : Sayagyi U Ba Khin Memorial Trust
Account No : 11542160342
Name of Bank : State Bank of India, Igatpuri, India
The Swift Code for Sayagyi U Ba Khin Memorial Trust : SBININBB 528 - Branch Code 01247
Beneficiary : "Sayagyi U Ba Khin Memorial Trust account 11542160342" at Igatpuri Branch. State Bank of India, Branch Igatpuri

## धर्म गाथा

### हिन्दी

*परम सत्य पर भ्रांति के, परदे पडे अनेक।*
*जो चाहे परदे हटें, विपश्यना से देख॥*

*झूठी कूडी कल्पना, सदा सत्य से दूर।*
*सत्य दिखाय विपश्यना, मंगल से भरपूर॥*

*सम्यक दर्शन ज्ञान का, ऐसा सुखद प्रभाव।*
*देखत देखत सब रूकें, राग द्वेष के स्राव॥*

*अपने भीतर जो करे, सही सत्य का शोध।*
*दूर होय अज्ञान सब, जगे मुक्ति का बोध॥*

*शीलवान अंतर्मुखी, सतत सजग बन जाय।*
*क्षण क्षण काया चित्त का, सत्य निरखता जाय॥*

*विपश्यना औषधि मिले, कटें राग के रोग।*
*भव भव के बन्धन करें, होय धरम संजोग॥*

मंगल कामना सहित
**पारमिता ट्रेडिङ्ग कम्पनी लि.**
काठमाडौं, फोन ४२६४१४७
विक्रेता: शीशा र आल्मोनियम च्यानल

### हिन्दी

*सतसंगत मंगलकरण, सतसंगत सुख-मूल।*
*सतसंगत जागे धरम, उखडे पाप समूल॥*

*माता-पिता की वंदना, गुरुजन का सत्कार।*
*समता होवे मित्र से, पत्नी से हो प्यार॥*

*परिजन का पालन करे, करे दान उन्मुक्त।*
*सदा मुक्त ऋण से रहे, पावे सुख उपयुक्त॥*

*सद्गृहस्थ की संपदा जन हितकारी होय।*
*कर दे दूर विपन्नता, मंगलकारी होय॥*

*हिंसा चोरी झूठ तज, गृहपति! तज व्यभिचार।*
*सांध आंतरिक शान्ति सुख, कुशल लोक व्यवहार॥*

*मिथ्या यश निन्दा सुने, अविचल निर्भय होय।*
*डिगे नहीं सत्पंथ से, गहृपति सुखिया होय॥*

मंगल कामना सहित
**सीताराम गोकुल मिल्क लि.**
काठमाडौं, फोन ४३३०७८८
विक्रेता: दुग्ध तथा दुग्ध पदार्थ

*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं। फोन : ४३७१६५५, ४३७१००७ २०६५ जेष्ठ
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं। फोन : ४२२५४९०, ४२२३९६८, ४२४८९४९, ४२५०५८१, email: nvc@htp.com.np
*मुद्रक :* न्यू नेपाल प्रेस, प्रधान कार्यालय फोन : ४४३४ ८५०, ४४३४ ७५३; शाखा कार्यालय फोन : ४२५ ९०३२, ४२ ९४५०, फ्याक्स : (+९७७-१) ४२५८६७८

जि.प्र.का.द.नं. ३८/५१/५२

● आजीवन शुल्क रू. २००/-

साधकको नाम : ..........................................

ठेगाना : ..........................................

..........................................

..........................................

Downloaded from http://www.dhamma.digital